फोन ५–५२१११८
५–५४६५०८
५–५२१०२३
फ्याक्स नं. ५–५४४२३६
पो. ब. नं. २०२५९
Email: prakasan.sajha@gmail.com Visit: www.sajha.org.np

साझा प्रकाशन
(सहकारी संस्था लिमिटेड)
केन्द्रीय कार्यालय, पुलचोक, ललितपुर

पत्र सङ्ख्या :
चलानी नम्बर : । २०७७/०७८

मिति : २०७७।०८।२१

## साझा प्रकाशनको चौबिसौँ साधारण सभा (२०७७) को

# कार्यतालिका

१. साधारण सभासम्बन्धी सार्वजनिक सूचना प्रकाशन– २०७७।०८।२३

२. अद्यावधिक नामावली निर्वाचन समितिलाई उपलब्ध गराउने– २०७७।०८।३०

३. अंशियारहरूको पहिलो सूची (नामावली) संस्थाको सूचनापाटीमा टाँस्ने– २०७७।०९।०१

४. वासलात प्रकाशन– २०७७।०९।०७ सम्म

५. वासलात वितरण सुरु– २०७७।०९।१० देखि

६. साधारण सभाको स्थल र अन्य व्यवस्थापन– २०७७।०९।२० देखि २५

७. साधारण सभा सम्पन्न– २०७७।०९।२५

(निर्वाचनसम्बन्धी सम्पूर्ण काम निर्वाचन समितिले गर्नेछ)

होमनाथ भट्टराई
वरिष्ठ अधिकृत

फोन– ५–५२१११८
५–५४६५०८
५–५२१०२३
फ्याक्स नं. ५–५४४२३६
पो. ब. नं. २०२५९
Email: prakasan.sajha@gmail.com Visit: www.sajha.org.np

# साझा प्रकाशन

(सहकारी संस्था लिमिटेड)
केन्द्रीय कार्यालय, पुलचोक, ललितपुर

पत्र सङ्ख्या :
चलानी नम्बर : । २०७७/०७८

मिति : २०७७।०८।२६

**साझा प्रकाशनको चौबिसौँ साधारण सभामा अंशियारहरूबाट निर्वाचन हुने अध्यक्ष, एक महिलासहित तीन सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी निर्वाचनसम्बन्धी कार्यक्रम (२०७७)**

## निर्वाचन समितिको २०७७।०८।२६ को बैठकले निर्वाचनसम्बन्धी निम्न कार्यतालिका प्रकाशित गरेको छ–

**क) मतदाता नामावली प्रकाशन, दाबी विरोध र अन्तिम नामावली प्रकाशन**

१. अंशियार मतदाताहरूको नामावली प्रकाशन : २०७७।०९।०१ गते ।

२. अंशियार मतदाताहरूको नामावलीमा दाबी वा विरोध गर्ने म्याद २०७७।०९।०९ गते दिनको २.०० बजेसम्म ।

३. दाबी विरोधको छानबिन गरी अंशियार मतदाताहरूको अन्तिम नामावली प्रकाशन : २०७७।०९।१० गते दिनको ३.०० बजे ।

**ख) उमेदवारीको मनोनयन**

उमेदवारले मनोनयन पत्र प्रस्तुत गर्ने : मिति २०७७।०९।१३ दिनको ११.०० बजेदेखि ३:०० बजेसम्म ।

**ग) उमेदवारको नामावली प्रकाशन**

उमेदवारको नामावली प्रकाशन : २०७७।०९।१३ गते दिनको ४.०० बजेभित्र ।

**घ) उमेदवारको नामावलीमा दाबी, विरोध, छानबिन, उमेदवारी फिर्ता र अन्तिम नामावली प्रकाशन**

१. उमेदवारको नामावलीमा दाबी, विरोध भएमा प्रस्तुत गर्ने : २०७७।०९।१४ गते दिनको ३.०० बजेसम्म ।

२. दाबी विरोधउपर छानबिन : २०७७।०९।१४ गते ४.०० बजेसम्म ।

३. उमेदवारले आफ्नो उमेदवारी फिर्ता लिने २०७७।०९।१५ गते दिनको ३.०० बजेसम्म ।

४. उमेदवारको अन्तिम नामावली प्रकाशन : २०७७।०९।१५ गते दिनको ४.०० बजे ।

ङ) उमेदवारको परिचय, मतदान, मतगणना र परिणाम घोषणा

१. विश्वव्यापी महामारीको रूपमा रहेको कोभिड-१९ सङ्क्रमणका कारण मिति २०७७।०९।२५ गते गरिने साधारण सभा विद्युतीय माध्यमबाट सम्पन्न हुने हुँदा सो दिन मात्र मतदान कार्य सम्पन्न गर्न सकिने अवस्था छैन । **त्यसैले अध्यक्ष, सञ्चालक र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचनका लागि मतदान २०७७ पुस २१ गते ११.०० बजेदेखि सुरु गरी पुस २४ गते ४.०० सम्म (चार दिन) निरन्तर गराइने । दोस्रो दिन अथवा पुस २२ गतेदेखिको मतदान बिहान ११:०० बजेदेखि बेलुका ३:०० बजेसम्म जारी राख्ने व्यवस्था गरिएको छ । यसरी चार दिनसम्म मतदान निरन्तर गराउनुपर्ने अवस्था सिर्जना भएकाले मतपेटिकाको सुरक्षाका लागि उमेदवारहरुले प्रतिनिधि खटाउने व्यवस्था मिलाउनुपर्ने छ ।**

२. साधारण सभाको कार्यक्रमको समय फरक पर्न गएमा निर्वाचन समितिको निर्णयअनुसार मतदानसम्बन्धी कार्यक्रमको समय मिलान गरिनेछ ।

३. मतगणना र परिणामको घोषणा : २०७७।०९।२४ गते मतदान सकिएपछि मतगणना गरी २०७७।०९।२५ परिणाम घोषणा गरिनेछ ।

४. निर्वाचन समितिको कार्यालय साझा प्रकाशन केन्द्रीय कार्यालयमा रहनेछ ।

होमनाथ भट्टराई
सदस्य-सचिव
**निर्वाचन समिति (२०७७)**

फोन ५–५२१११८, ५–५४६५०८, ५–५२१०२३
फ्याक्स नं. ५–५४४२३६
पो. ब. नं. २०२५९
Email: prakasan.sajha@gmail.com Visit: www.sajha.org.np

# साझा प्रकाशन

(सहकारी संस्था लिमिटेड)
केन्द्रीय कार्यालय, पुलचोक, ललितपुर

पत्र सङ्ख्या :
चलानी नम्बर : । २०७७/०७८

## साझा प्रकाशनको चौबिसौँ साधारण सभामा अंशियारहरूबाट निर्वाचित हुने अध्यक्ष, एक महिलासहित तीन सञ्चालक र लेखा सुपरिवेक्षण समितिका संयोजक र दुई सदस्य निर्वाचनसम्बन्धी कार्यक्रम (२०७७)

**क) उमेदवारको मनोनयन**

१. उमेदवार हुन चाहने अंशियार मतदाताले तोकिएको निर्वाचन कार्यक्रम र यो निर्वाचन नियमअन्तर्गत रही निर्धारित ढाँचामा मनोनयन पत्र दाखिला गर्नुपर्नेछ ।

२. कुनै पनि उमेदवारको मनोनयन पत्रमा एक जना अंशियार मतदाता प्रस्तावक र अर्को एक जना अंशियार मतदाता समर्थक हुनुपर्नेछ ।
एक मतदाता एक जना मात्र उमेदवारको मनोनयन पत्रमा प्रस्तावक वा समर्थक हुन सक्नेछ ।

**ख) मतपत्र, मतदान र मतगणना :**

१. उमेदवारहरूको अन्तिम नामावलीका आधारमा वर्णानुक्रमअनुसार मतपत्रमा उमेदवारको नाम राखिनेछ । आफूले चाहेको उमेदवारको नाम रहेको कोठामा मतदाताले आफ्नो मत स्वस्तिक छाप (卐) द्वारा अङ्कित गर्नुपर्नेछ ।

२. स्वस्तिक छाप र मसी मतदान कक्षभित्र राखिनेछ ।

३. यसरी मतदान गर्दा स्वस्तिक छाप (卐) बाहेक कलमको प्रयोग, औँठा छाप वा अन्य कुनै चिह्न वा सङ्केत प्रयोग गरेमा वा एउटै कोठामा एकभन्दा बढी छाप (卐) लगाएमा वा कोठाबाहेक अन्यत्र कहीँ पनि छाप लगाएमा सम्बन्धित उमेदवारको मत रद्द हुनेछ ।

२. अध्यक्षका लागि एक, सञ्चालकका लागि तीन, लेखा सुपरिवेक्षण समितिका संयोजकका लागि एक र सदस्यका लागि दुईभन्दा बढी उमेदवारलाई मत दिएमा त्यस्तो मतपत्र रद्द हुनेछ ।

४. निर्वाचन अधिकृतको हस्ताक्षर र साझा प्रकाशनको छाप नभएको मतपत्रलाई मान्यता दिइने छैन ।

५. निर्वाचनमा मतदानका निम्ति तोकिएको अन्तिम समयसम्म निर्धारित मतदान क्षेत्रभित्र पसिनसकेका अंशियार मतदाताले मतदानमा भाग लिन पाउने छैनन् ।

६. मतदान र मतगणनाका बखत उमेदवार स्वयं वा निजको प्रतिनिधिको उपस्थिति हुनपर्नेछ । सो बखतमा उमेदवार वा निजको प्रतिनिधिको रोहवरमा मतदान र मतगणनाको कार्य सञ्चालन हुनेछ । तर, कुनै उमेदवार वा निजको प्रतिनिधि निर्धारित समयमा उपस्थित नभएमा पनि मतदान र मतगणना कार्य रोकिने छैन ।

७. सञ्चालक समितिका अध्यक्ष, महिला सञ्चालक र लेखा सुपरिवेक्षण समितिका संयोजकमा सबभन्दा बढी मतसङ्ख्या प्राप्त गर्ने एक/एक उमेदवार एवं दुई सञ्चालक र लेखा सुपरिवेक्षण समितिका दुई सदस्यका लागि सबभन्दा बढी मतसङ्ख्या प्राप्त गर्ने क्रमशः दुई दुई जना उमेदवार विजयी हुनेछन् । मतगणना गर्दा मत बराबरी भएमा गोलाप्रथाद्वारा निर्णय गरी विजयी घोषणा गरिनेछ ।

**ग) उमेदवारी दस्तुर :**

१. कुनै पनि पदमा उमेदवारले मनोनयन पत्र पेस गर्दा निम्नअनुसार शुल्क (फिर्ता नहुने गरी) तोकिएको छ । मनोनय पत्रसाथ संस्थाको लेखा विभागमा रकम बुझाएको संस्थाको नगदी रसिद संलग्न हुनुपर्नेछ ।

क) अध्यक्ष पदमा मनोनयन गर्न रु. ३०००।– (तीन हजार),
ख) सञ्चालक पदमा मनोनयन गर्न रु. २०००।– (दुई हजार),
ग) लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यमा मनोनयन गर्न रु. २०००।– (दुई हजार) ।

ग) विविध

१. यस निर्वाचन कार्यविधिबारे अथवा मनोनयन पत्र, मतदान, मतगणना वा निर्वाचनसम्बन्धी अन्य कुनै प्रश्न वा समस्या उठेमा निर्वाचन समितिको राय-सल्लाह लिई निर्वाचन समितिका संयोजकले गरेको निर्णय अन्तिम हुनेछ ।

२. निर्वाचनमा उमेदवार हुन, प्रस्तावक वा समर्थक हुन तथा मत दिन अनिवार्य रूपमा अंशियार परिचयपत्र साथमा ल्याउनुपर्नेछ ।

३. यस कार्यविधिमा उल्लेख नभएको विषय साझा प्रकाशनको मौजुदा सञ्चालक समितिको निर्णयबमोजिम हुनेछ ।

४. आफ्नो मत मतपेटिकामा नखसाली लिएर हिँड्न पाइने छैन । मतदानका क्रममा यदि कसैले मतपत्र मत पेटिकामा नहाली आफै लिएर हिँडेको पाइएमा मतपेटिकामा खसेको मतसङ्ख्यालाई नै अन्तिम निर्णायक मत मानिनेछ ।

# साझा प्रकाशनको अंशियार मतदाताका तर्फबाट निर्वाचित हुने अध्यक्ष (१), एक महिलासमेत सञ्चालक (३), लेखा सुपरिवेक्षण समितिका संयोजक १) र सदस्य (२) पदको निर्वाचनमा उमेदवारद्वारा पेस गरिने मनोनयन पत्र, २०७७

| |
|---|
| पद : |
| मनोनयनपत्र दर्ता क्रमाङ्क : |
| मिति : २०७७।०९।१३ |
| समय : |
| शुल्क तिरेको रसिद नं.: |

श्रीमान् संयोजकज्यू
निर्वाचन समिति २०७७
साझा प्रकाशन, पुलचोक, ललितपुर ।

महोदय,

मिति २०७७ पुस २५ गते हुने साझा प्रकाशनको चौबिसौं साधारण सभामा अंशियारहरूको तर्फबाट निर्वाचित हुने **अध्यक्ष** (१), **एक महिलासमेत सञ्चालक** (३), **लेखा सुपरिवेक्षण समितिको संयोजक** (१) **र लेखा सुपरिवेक्षण समितिका सदस्य** (२) पदको निर्वाचनमा साझा प्रकाशन निर्वाचन कार्यविधि र कार्यक्रमअन्तर्गत रही यो मनोनयन पत्र पेस गरेको छु । निर्वाचन समितिले गरेको निर्णयमा मेरो मञ्जुरी हुनेछ । मेरो उमेदवारीसम्बन्धी विवरण निम्नअनुसार रहेको व्यहोरा अनुरोध गर्दछु ।

**उमेदवारी दर्ता गरेको पद :**

**१. उमेदवारको विवरण :**

(क) नाम :
(ख) ठेगाना :
(ग) साझा प्रकाशनको अंशियार (मतदाता) सूचीमा मेरो नाम पृष्ठ ........ र क्रमाङ्क ........ छ ।
(घ) अंशियार परिचय पत्रको क्रमाङ्क :

**२. प्रस्तावकको विवरण :**

(क) नाम :
(ख) ठेगाना :
(ग) साझा प्रकाशनको अंशियार (मतदाता) सूचीमा नाम रहेको पृष्ठ ........ र क्रमाङ्क ........
(घ) अंशियार परिचय पत्रको क्रमाङ्क :
(ङ) हस्ताक्षर :

**३. समर्थकको विवरण :**

क) नाम :
(ख) ठेगाना :
(ग) साझा प्रकाशनको अंशियार (मतदाता) सूचीमा नाम रहेको पृष्ठ ........ र क्रमाङ्क ........
(घ) अंशियार परिचय पत्रको क्रमाङ्क :
(ङ) हस्ताक्षर :

नोट : उमेदवार, प्रस्तावक र समर्थकको परिचय पत्रको प्रतिलिपि यसैसाथ संलग्न छ ।

निवेदकको हस्ताक्षर
.................